# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, माघ २१ गते २०५३ साल (संख्या ४२

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले भक्तपुर नगरपालिका वडा नं. ११ र १३ स्थित विश्वसम्पदा सूचीमा परेका पाँचतले मन्दिर र तलेजु क्षेत्र भित्रको विभिन्न घर र चोकहरू मर्मत गर्न दि टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेड वर्दघाट, चोरमाराबाट खरीद गरी लिने गोलिया काठ ४०८४.१२ वर्ग फुटमा लाग्ने बिक्रीकर पूर्णरूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## महालेखा परीक्षकको विभागको सूचना

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १०० को उप-धारा (४) ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यका महालेखा परीक्षकले साविकमा प्रयोग भइरहेको म. ले. प. फा. नं. ६० को सट्टा देहायबमोजिमको म. ले. प. फा. नं. ६० लागू गर्न स्वीकृति दिएकोले सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

रसीद क्रमसंख्याः– (प्रिण्टेड नम्बर) म. ले. प. फा. नं. ६०

श्री ५ को सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

......भन्सार कार्यालय

आयात तर्फको रसीद

रसीद नं.:– मितिः–

मालवस्तु पैठारी गर्नेको समयः–

नामः–

ठेगानाः–

प्रज्ञापन पत्र नं ......मिति...............मा उल्लेखित मालको पैठारी वापत निम्नबमोजिम जम्मा रु. ....(अक्षेरेपी. ......)प्राप्त भयो ।

| महशुलको विवरण | रकम (रु.) |
|---|---|
| | |
| | |
| | |
| | |

महशुल बुझ्नेको सहीः– महशुल बुझाउनेको

नामः– सहीः–

दर्जाः– नामः–

आज्ञाले,

रामबाबु नेपाल

नायब महालेखा परीक्षक

६१२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार

# आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

श्री ५ को सरकारले नगर विकास ऐन, २०४५ को दफा ३ को उपदफा ३.३ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा १२.१.२ बमोजिम बनेपा नगर विकास समिति र बनेपा नगरपालिकाको संयुक्त संयोजकत्वमा बनेपा नगरपालिका क्षेत्रभित्रको तपसिलको चार किल्लाभित्रको थुलाफाँट क्षेत्रमा रहेको जग्गाको विभिन्न कित्ताहरूलाई एकीकरण गरी नगर योजनाअनुरूप सेवा सुविधाको व्यवस्था गर्ने र त्यस्ता सेवा सुविधाको व्यवस्था गर्दा लागेको खर्च विकसित घडेरीहरू बेची असुल गर्ने र बाँकी विकसित घडेरी-हरू साविककै जग्गा धनी वा मोहिहरूलाई समानुपातिक आधारमा फिर्ता दिने गरी जग्गा एकीकरण (ल्याण्डपुलिंग) कार्यक्रम २०५४।१।२५ गतेदेखि संचालन गर्न श्री ५-को सरकारबाट मिति २०५२।१२।१२ मा निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

पूर्वः– सेराथलीबाटो
पश्चिमः– मिला ढल
उत्तर – केशव राजवंशी, जगन्नाथ दुवाल तथा रामभक्त मुस्याजूको जग्गा
दक्षिण – पुण्यमाता खोला

आज्ञाले,
ठोकप्रसाद सिवाकोटी
उप-सचिव (कानून)

६१२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## महालेखा परीक्षकको विभागको

### सूचना १

महालेखा परीक्षकले श्री ५ को सरकारको मिति २०५३।६।१४ को स्वीकृतिमा लेखापरीक्षण सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका निर्देशक श्री राजाराम उपाध्याय सेढाईंलाई सोही सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको नायब-महालेखा परीक्षक पदमा बढुवा नियुक्ति गरी यसै विभागमा पदस्थापन गरेको छ ।

### सूचना २

महालेखा परीक्षकले श्री ५ को सरकारको मिति २०५३।६।१४ को स्वीकृतिमा श्री भद्रेश्वरप्रसाद उपाध्याय पौडेललाई लेखापरीक्षण सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको नायब-महालेखा परीक्षक पदमा नियुक्ति गरी यसै विभागमा पदस्थापन गरेको छ ।

### सूचना ३

महालेखा परीक्षकले श्री ५ को सरकारको मिति २०५३।६।१५ को स्वीकृतिमा लेखापरीक्षण सेवाको राजपत्राङ्कित तृतीय श्रेणीका देहायका लेखापरीक्षण अधिकारीहरूलाई सोही सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको निर्देशक पदमा बढुवा नियुक्ति गरी यसै विभागमा पदस्थापन गरेको छ ।

१. श्री सनतकुमार श्रेष्ठ
२. श्री सुकुदेव खत्री
३. श्री विश्वकान्त गौतम

### सूचना ४

महालेखा परीक्षकले श्री ५ को सरकारको मिति २०५३।६।१७ को स्वीकृतिमा देहायका व्यक्तिहरूलाई लेखापरीक्षण सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको निर्देशक पदमा नियुक्ति गरी यसै विभागमा पदस्थापन गरेको छ ।

१. श्री ईश्वरराज श्रेष्ठ
२. श्री शिवप्रसाद न्यौपाने
३. श्री जनकराज गौतम
४. श्री ईश्वरप्रसाद न्यौपाने

६९४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ५

लेखापरीक्षण सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीका निर्देशक श्री रामचन्द्र बरालले घरायसी कारण देखाई मिति २०५३।६।१ देखि लागू हुने गरी दिनुभएको राजीनामा श्री ५ को सरकारको स्वीकृति लिएर महालेखा परीक्षकले मिति २०५३।६।४ मा स्वीकृत गरेको छ ।

आज्ञाले,
विष्णुबहादुर के. सी.
उप-महालेखा परीक्षक

## भूलसुधार

नेपाल राजपत्र भाग ३ मिति २०५३।५।३० खण्ड ४६ अतिरिक्ताङ्क ३२ (ख१), नेपाल राजपत्र भाग ३ मिति २०५३।८।६ खण्ड ४६ अतिरिक्ताङ्क ३९ (क) र नेपाल राजपत्र भाग ३ मिति २०५३।९।११ खण्ड ४६ अतिरिक्ताङ्क ५० (घ) मा प्रकाशित निर्वाचन आयोगको सूचनामा "मतदाता परिचय सम्बन्धी नियमावली, २०५३ को नियम ७ को उप-नियम (५)" हुनु पर्नेमा अन्यथा भई प्रकाशित भएकोले भूलसुधार गरिएको छ ।

निर्वाचन आयोग ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

मुद्रण विभाग, सिंहदरबार

७९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।